[प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ द्वारा स्थापित]

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

## कोशी प्रदेश, भद्रपुर, झापा

पत्र संख्या : मिति :२०८२/१०/२०

चलानी नं. : ने.स. ११४६ सिल्लागा-१७

## लिलाम बिक्री सम्बन्धि डाँक बढाबढको सूचना

(प्रथम पटक सूचना प्रकाशित भएको मिति २०८२/१०/२०)

यस प्रतिष्ठानको आ.ब. २०८१/२०८२ को जिन्सि निरिक्षणबाट लिलाम गर्नुपर्ने देखिएको भनी प्रतिवेदन पेश गरेकोले मिति २०८२/१०/१३ गतेको निर्णयानुसार यस प्रतिष्ठानलाई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेलको नाममा रहेको र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई हस्तान्तण भई आएको टाटा सुमो बा.३ च ५३१८ नं. को गाडी लिलाम बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले उल्लेखित शर्तहरुको अधिनमा रही लिलाम बढाबढमा भाग लिन यो २१ (एक्काइस) दिने सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

१. उल्लेखित टाटा सुमो गाडीको लिलाम बढाबढमा भाग लिन इच्छुक व्यक्ति, फर्म तथा संस्थाले लिलाममा भाग लिन पाउँ भनि रु. १०।०० को टिकट टाँसी यो सूचना प्रकाशन भएको मितिले २१ औ दिनको अपरान्ह १.०० बजेसम्म यस प्रतिष्ठानमा निवेदन दर्ता गराउनु पर्नेछ । उक्त लिलाम बढाबढ कार्य सो दिनको २.०० बजे देखि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापामा हुनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट सोहि समयमा उक्त कार्य हुनेछ ।

२. डाँक बढाबढमा सहभागी हुन इच्छुक व्यक्तिले निवेदन साथ नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी र पान नं. तथा फर्म वा संस्थाको हकमा फर्म वा संस्थाले व्यक्ति तोकेको आधिकारीक पत्र साथ फर्म वा संस्था दर्ता प्रमाणपत्रको फोटोकपी, पान नं. दर्ताको फोटोकपी, आ.ब. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी संलग्न गरी निवेदन साथ पेश गर्नुपर्नेछ । सूचना बमोजिम लिलाम गरिने गाडी हेर्न वा अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस प्रतिष्ठानको जिन्सी शाखा/प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ ।

३. उल्लेखित गाडी टाटासुमो न्यूनतम मूल्य मु.अ.कर बाहेक रु. ६२१२५।- (बैसठ्ठी हजार एक सय पच्चीस रुपैया मात्र) बाट डाँक बढाबढ शुरु हुने भएकोले उक्त मूल्यको ५ प्रतिशतले हुने रकम डाँक बढाबढ शुरु हुनु अगावै नगदै धरौटी राख्नु पर्नेछ र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानु पर्नेछ । लिलाम रकम कवोल गर्दा एकामुष्ट रकम कबोल गर्नुपर्नेछ ।

४. लिलाम बिक्रीमा भाग लिई सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति, फर्म वा संस्थाले आफुले कबोल गरेको रकम र सोको १३ प्रतिशत मु.अ.कर समेत डाँक बढावढ स्वीकार गरेको तीन दिन भित्र तोकिएको खातामा जम्मा गरी उल्लेखित गाडी जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा ७ दिन भित्रमा उठाई लगी सक्नुपर्नेछ । कबोल रकम

शाखा अधिकृत

Website : prta.koshi.gov.np
Email : provincetraining1@gmail.com
फोन नं. ०२३४५२१०८
०२३४५२०७८

तोकिएको समय भित्र नबुझाएमा धरौटी वापतको रकम जफत गरी प्रतिष्ठानको निर्णय बमोजिम दोश्रो बढी रकम कबोल गर्ने व्यक्ति, फर्म वा संस्थाबाट भ्याट सहित रकम बुझिलिई लिलाम गरिएको गाडी टाटासुमो उपलब्ध गराइनेछ ।

५. लिलाम मार्फत बिक्री भएको गाडी जस्तो अवस्थामा छ सोहि अवस्थामा लैजानु पर्नेछ । सकार गरिएको सामानहरुको नियमानुसार कर तिर्नुपर्ने भएमा सकारकर्ता आफैंले तिर्नु/बुझाउनु पर्नेछ ।

६. लिलाम स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस प्रतिष्ठानमा निहित रहनेछ ।

७. सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, नियमावली, २०७७ तथा आर्थिक कार्यविधि नियमावली, २०७५ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

८. लिलाम भएको गाडीको इन्जिन नम्बर र च्यासिस नं. लिलाम सकार गर्ने ब्यक्तिले गाडीबाट झिकी प्रतिष्ठानलाई बुझाएपछि मात्र गाडी लैजान पाउनेछ ।

९. लिलाम भएको गाडी मर्मत गरी संचालन गर्न पाइने छैन ।

१०. अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. लिलाम हुने गाडीको बिवरण तपसिल बमोजिम रहेको छ ।

**तपसिल**

| सि.नं. | बिवरण |
|---|---|
| १ | गाडीको नाम : टाटासुमो |
| २ | गाडीको नम्बर : बा.३ च ५३१८ |
| ३ | बनेको साल : सन् २००० |
| ४ | गाडीको मोडेल : सुमो जिप (४*४) |
| ५ | च्यासिस नं. : 385020AZZ0A901935 |
| ६ | इन्जिन नं. : 483DLTC49AZZ05631 |

(केदार पोखरेल)
अधिकृतस्तर सातौं
**शाखा अधिकृत**

फोन नं. ०२३४५२१०८
०२३४५२०७८

Website : prta.koshi.gov.np

Email : provincetraining1@gmail.com